# कृषिमा युवा कार्यक्रम संचालन प्रक्रिया, २०७६

नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७६/०६/....१.....मा स्वीकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

भाद्र २०७६

# कृषिमा युवा कार्यक्रम संचालन प्रक्रिया, २०७६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

**प्रस्तावना**

कृषि पेशालाई मर्यादित एवं व्यवस्थित गर्न एकीकृत रूपमा पूँजी र प्रक्रिया प्रवाह गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी स्वरोजगार प्रवर्द्धन मार्फत ग्रामिण एवं कृषि क्षेत्रबाट युवा पलायनलाई न्यूनीकरण गर्दै मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा टेवा पुर्याउने उद्देश्यले नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले **"कृषिमा युवा कार्यक्रम संचालन प्रक्रिया, २०७६"** स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यक्रम संचालन प्रक्रियाको नाम **"कृषिमा युवा कार्यक्रम संचालन प्रक्रिया २०७६"** रहेको छ।

(२) यो संचालन प्रक्रिया नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संचालन प्रक्रियामा;

(क) "अनुदान" भन्नाले कृषिमा युवा कार्यक्रम कार्यान्वयन अन्तर्गत कृषि, मत्स्य र पशुपालन क्षेत्र अन्तर्गतका उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, विविधीकरण लगायतका कार्यहरूमा प्रदान गरिने नगद वा वस्तुगत सहयोगलाई सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस प्रक्रिया बमोजिम अनुदान प्राप्त गर्ने युवा कृषक/उद्यमी सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले कृषिमा युवा कार्यक्रम सम्झनु पर्दछ।



सचिव

(घ) "कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले कृषि विभाग र पशुसेवा विभाग अन्तर्गत कृषिमा युवा कार्यक्रम संचालनको लागि विभागहरुका उपमहानिर्देकहरुको नेतृत्वमा बन्ने इकाईलाई सम्झनु पर्दछ।

(ङ) "निर्देशक समिति" भन्नाले दफा ४ को उपदफा १ बमोजिमको समिति सम्झनु पर्दछ।

(च) "प्रस्ताव" भन्नाले यस संचालन प्रक्रिया बमोजिम कार्यक्रममा सहभागी भई अनुदान प्राप्त गर्न युवा कृषक/ उद्यमीबाट तोकिएको ढाँचामा पेश भएको आयोजना माग सम्झनु पर्दछ।

(छ) "फिल्ड समन्वय इकाई" भन्नाले कार्यक्रम कार्यान्वनयमा सहजीकरण तथा नियमित अनुगमनका कार्यहरु गर्न संघीय मन्त्रालय र अन्तर्गतका फार्म/केन्द्र वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सम्बन्धित जिल्लामा रहेका परियोजना कार्यान्वयन इकाईलाई सम्झनु पर्दछ।

(ज) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(झ) "विभाग" भन्नाले कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र पशुसेवा विभागलाई सम्झनु पर्दछ ।

(ञ) "स्थानीय तह" भन्नाले सम्बन्धित गाँउपालिका, नगरपालिका, उप/महानगरपालिकालाई सम्झनु पर्दछ।

(ट) "युवा" भन्नाले १८ देखी ४५ बर्ष सम्मको उमेर भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(ठ) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्दछ।

(ड) "विज्ञ केन्द्र" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

सचिव

३. यो कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायवाट अनुसूची -१ मा उल्लेख भएका जिल्ला र अनुसूची -२ मा उल्लेखित बाली वस्तुहरुमा केन्द्रीत रही संचालन हुनेछ ।

४. **निर्देशक समिति :** (१) यस कार्यक्रम संचालनमा समन्वय एवं आवश्यक निर्देशन दिन एक निर्देशक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने निर्देशक समितिमा निम्नानुसार पदाधिकारीहरु रहनेछन्

| | |
|---|---|
| सचिव, मन्त्रालय | अध्यक्ष |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा , मन्त्रालय | सदस्य |
| सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा , मन्त्रालय | सदस्य |
| सहसचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सदस्य सचिव, राष्ट्रिय किसान आयोग | सदस्य |
| महानिर्देशक, कृषि विभाग | सदस्य |
| महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| कार्यक्रम संयोजक, कार्यक्रम कार्यान्वयन इकाई | सदस्य–सचिव |

(३) उपदफा (२) बमोजिम सदस्यहरु रहने निर्देशक समितिमा आवश्यकता अनुसार बढिमा ३ जना विज्ञहरु आमन्त्रित गर्न सकिनेछ ।

(४) दफा उपदफा (२) बमोजिमको कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुदान वितरणको प्रभावकारिता र अन्य नीतिगत विषयहरुमा आवश्यक निर्णय गर्ने,

(ख) संचालन प्रक्रियामा संशोधन गर्नु पर्ने भएमा संशोधनका लागि सिफारिस गर्ने,

(ग) कार्यक्रम संचालन तथा अनुदान प्रवाह सम्बन्धमा आइ परेका समस्याहरुको समाधान गर्न निर्देशन दिने,

(घ) कार्यक्रम संचालन सम्बन्धमा अनुदान ग्राहीबाट प्राप्त गुनासोको अन्तिम टुंगो लगाउने ,

(ङ) कार्यक्रम कार्यान्वयनका सम्वन्धमा आवश्यक मार्ग दर्शन प्रदान गर्ने,

(५) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। अध्यक्षको अनुपस्थितिमा निजले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठक संचालन तथा निर्णय प्रक्रिया निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**५. कार्यक्रम कार्यान्वयन इकाईः** (१) यस संचालन प्रक्रिया अनुरुपको कार्यक्रमको समग्र कार्यान्वयन कृषि क्षेत्रतर्फ कृषि विभाग र पशुपन्छीतर्फ पशुसेवा विभाग मार्फत हुनेछ ।कार्यान्वयनको लागि प्रत्येक विभागमा उपमहानिर्देशकहरु मध्येवाट एकजनालाई संयोजक तोकिने छ । तोकिएका संयोजक मातहत दुई जना प्राविधिक उपसचिव र ५ जना प्राविधिक अधिकृतहरु रहने गरी कार्यक्रम कार्यान्वयन इकाईको व्यवस्था गरिनेछ ।कार्यक्रम कार्यान्वयनको कार्यभार अनुसार कार्यान्वयन इकाईले मन्त्रालयको स्वीकृतिमा मन्त्रालय वा मातहतका निकायहरुवाट थप कर्मचारीहरुको परिचालन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रस्ताव आह्वानको सूचनाको नमुना, प्रस्ताव मुल्याङ्कन वा छनौटको आधारहरु तयार गर्ने,

(ख) आवेदकले पेश गर्ने प्रस्तावको ढाँचा विज्ञहरुसँग समेतको परामर्शमा तयार गर्ने,

(ग) प्रस्तावहरुको प्रारम्भिक छनौट, योग्यताक्रम निर्धारण तथा अन्तिम छनौट गरी सो को जानकारी निर्देशक समितिमा पेश गर्ने,

(घ) प्राप्त प्रस्तावहरुको संख्यालाई आधार मानी समानुपातिक तवरले लाभग्राहीको संख्या निर्धारण गर्ने,

(ङ) संचालन प्रक्रियामा परिमार्जन आवश्यक भए निर्देशक समितिमा सिफारिस साथ पेश गर्ने,

(च) कार्यक्रमको समग्र कार्यान्वयन तथा अनुगमन निरीक्षण गर्ने/गराउने।

**६. फिल्ड समन्वय इकाईः** (१) फिल्ड स्तरमा कार्यक्रम कार्यान्वयनको समन्वय तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्न कार्यक्रम सन्चालन हुने जिल्लामा फिल्ड समन्वय इकाईको व्यवस्था गरिने छ।

(२) सम्बन्धित जिल्लामा फिल्ड समन्वय इकाईको लागि क्रमशः मन्त्रालय अन्तर्गतका फार्म केन्द्र तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सम्बन्धित जिल्लास्थित परियोजना कार्यान्वयन इकाईलाई तोकिनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रस्ताव आह्वान भए पश्चात सूचनाको प्रचार प्रसार गर्ने,

(ख) आवेदन प्रक्रियामा सहजीकरण गर्ने,

(ग) योग्यताक्रमको सूचिमा परेका प्रस्तावहरुको स्थलगत जाँच गरी प्रतिवेदन गर्ने,

(घ) स्वीकृत भएका आवेदकसंग वार्ता एवं सम्झौताको कार्य गर्ने,

(ङ) अनुदान भुक्तानिका लागि तोकिए अनुसारको कार्य भए नभएको यकिन गरी कार्यक्रम कार्यान्वयन इकाईमा सिफारिस गर्ने,

(च) नियमित अनुगमन तथा प्रतिवेदन गर्ने,

(छ) विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने,

(ज) छनौट भएका अनुदानग्राहीलाई प्राविधिक सेवा टेवा उपलब्ध गराउने तथा क्षमता अभिवृद्धिका कार्यहरु संचालन गर्ने,

(झ) सम्झौता अनुसार कार्यप्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने अवस्थामा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,

(ञ) कार्यक्रमको मासिक, चौमासिक एवम् वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम कार्यान्वयन इकाईमा पेश गर्ने,

(ट) कार्यक्रमको कार्यान्वयन सम्वन्धमा कार्यक्रम कार्यान्वयन इकाईवाट भएका आवश्यकत निर्देशनहरुको पालना गर्ने ।

**७. आवेदकको योग्यता/शर्तः** (१) व्यवसाय प्रस्ताव पेश गर्ने आवेदकहरुको योग्यता एवं शर्तहरु निम्नानुसार हुनेछः

(क) १८ देखि ४५ वर्ष सम्मका नेपाली नागरिक,

(ख) प्रचलित कानुनले अयोग्य नठहरिएको,

(ग) आफ्नै स्वामित्वमा जग्गा भएको (जग्गाको क्षेत्रफल र भोगाधिकार खुल्ने प्रमाण) वा एकाघरको जग्गा भए कार्यक्रम संचालन गर्न जग्गाधनीको मन्जुरीनामा,

(घ) भाडामा लिएको भए सम्झौताको (न्युनतम ५ बर्षको) प्रतिलिपी सहित जग्गाको स्वामित्व वा भोगाधिकारको प्रमाणपत्र (कानूनी आधार खुलेको),

(ङ) कुल लागतको कम्तिमा ५०% व्यहोर्ने क्षमता रहेको पुष्टि गर्ने प्रमाण/कागजात पेश गर्नुपर्ने,

(च) व्यवसाय संचालनको लागि सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश गर्नुपर्ने,

(छ) विगत ३ बर्षमा नेपाल सरकारका कुनै पनि निकायबाट सम्झौता गरी न्यूनतम ३ लाख वा सो भन्दा बढी उस्तै प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र पेश गर्नुपर्ने,

सचिव

(ज) विज्ञापनमा तोकिए बमोजिमको आवेदकको योग्यता तथा पेश गर्नु पर्ने अन्य आवश्यक कागजपत्रहरु ।

८. **सूचना प्रकाशन तथा प्रस्ताव मागः** (१) यस कार्यक्रम अन्तर्गत अनुसूची-२ बमोजिमका बाली वस्तुमा संचालन हुने क्रियाकलापको लागि स्वीकृत कार्यक्रम बमोजिम अनुदानग्राही छनौट गर्न कार्यक्रम कार्यान्वयन इकाईले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा ३० दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि दफा ७(१) बमोजिमको योग्यता पुरा गर्ने आवेदकले सूचनामा तोकिएको समयभित्र तोकिएको निकायमा निवदेन, आवश्यक कागजात सहित निर्दिष्ट ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) आवेदन संकलन अनलाइन सफ्टवेयर मार्फत गरिनेछ ।

(४) आवेदकले तोकिएको मापदण्ड अनुसार आवश्यक आवेदन सहितका कागजात एवं व्यवसायिक प्रस्ताव सफ्टवेयरमा अपलोड गरी पेश गर्नु पर्नेछ ।

(५) आवेदकले आफ्नो आवेदन हार्डकपीको रुपमा फिल्ड समन्वय इकाईमा पनि बुझाउन सक्नेछन् । यसरी पेश भएको कृषकको प्रस्ताव फिल्ड समन्वय इकाईमा अनलाईन निवेदन दिने ब्यबस्था गर्न सकिनेछ ।

(६) नयाँ र पुराना दुबै व्यवसायीले आवेदन दिन सक्नेछन् । नयाँ व्यवसायका हकमा स्पष्ट कार्ययोजना र पहिले देखि नै संचालित व्यवसायीक कृषकका हकमा हालको अवस्थाका अतिरिक्त स्तर वृद्धि (स्केलअप) वा विविधिकरण वा बजारीकरण सम्बन्धी विवरण प्रस्तावमा स्पष्ट हुनुपर्नेछ ।

९. **प्रस्ताव मूल्याङ्कन तथा छनौट** :(१) प्राप्त भएका आवेदनहरुको दफा ७ मा तोकिएका आवेदकका योग्यता सम्बन्धी सूचकका आधारमा कार्यक्रम कार्यान्वयन इकाईबाट प्रारम्भिक छनौट गरिनेछ ।

सचिव

(२) उपदफा (१) बमोजिम प्रारम्भिक छनौटमा सफल भएका आवेदकहरु दोस्रो चरणमा प्रवेश गर्ने छन् ।

(३) दोस्रो चरणमा प्रवेश गरेका आवेदकहरुको प्रस्ताव अनुसूची ३ 'क' मा उल्लेख भएका आधारमा मूल्याङ्कन गरी प्राथमिकता क्रम अनुसार छनौट गर्न सकिनेछ । यी प्रस्तावहरु मध्येबाट पुनः अनुसूची ३ 'क' र ३ 'ख' को सयुक्त मूल्यांकन अंकको आधारमा लक्षित संख्या भन्दा ५० प्रतिशत वढि संख्यामा प्राथमिकताक्रम अनुसारका आवेदकहरुलाई स्थलगत जाँचका लागि छनौट गरिनेछ ।

(४) उपदफा (३) बमोजिम छनौटमा परेका आवेदकहरु मध्ये कार्यक्रम कार्यान्वयन इकाईले फिल्ड समन्वय इकाईको सहयोगमा प्रस्तावहरुको स्थलगत जाँच गरिसकेपछि प्रस्ताव मूल्यांकन तथा स्थलगत जांचका आधारमा अन्तिम सूची प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अन्तिम सूचीमा परेका आवेदकहरु मध्येबाट प्राथमिकताक्रम अनुसार स्वीकृत लक्ष्य बमोजिमको संख्यामा आवेदकहरुलाई छनौट तथा वार्ता गरी सम्झौता गरिने छ।

**१०. क्षमता विकासका कार्यक्रम एवं सम्झौता:**

(१) सम्झौता भएका अनुदानग्राहीलाई कार्यक्रमको उद्देश्यको बारेमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।

(२) छनौट भएका आवेदकहरुलाई व्यवसायको प्रकृति अनुसार समूहकृत गरी आवश्यकता अनुसारको उद्यमशिलता विकास तथा प्राविधिक क्षमता अभिवृद्धिका लागि विभिन्न फर्म तथा अनुसन्धान केन्द्रमा दुई हप्तासम्म सम्बन्धित बिषयमा प्रयोगात्मक ज्ञान हासिल गरी सकेपछि मात्रा दफा ९ (५) बमोजिम छनौट भएका आवेदकसँग कार्यक्रम कार्यान्वयन इकाईबाट तोकिएको ढाँचामा सम्झौता गरिनेछ ।

सचिव

(३) कार्यक्रम संचालन तथा कार्यालय व्यवस्थापनको लागि फिल्ड समन्वय इकाईलाई स्विकृत कार्यक्रमबाटै आवश्यक बजेटको व्यवस्था गरिने छ ।

(४) यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान मुलत पूजिगत खर्च जस्तो पूर्बाधार, मेशिनरी औजार, बीउ, उन्नत नश्लका राँगा, साँढे, बोका, आदिमा दिइनेछ ।तर ढुवानी साधन खरिदका लागि अनुदान प्रयोग हुने छैन ।

**११. अनुदान र भुक्तानी प्रक्रिया :**

(१) यस संचालन प्रक्रिया अन्तर्गत प्रदान गरिने अनुदान रकम बढीमा २० (बीस) लाख रुपैयाँसम्म मात्र हुनेछ ।

(२) अनुदान भुक्तानी सम्बन्धि सम्पूर्ण प्रक्रिया नेपाल सरकारले स्वीकृत गरेको 'कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६' अनुरुप हुनेछ।

## परिच्छेद-४

## विविध

**१२. प्रतिवेदन पेश गर्नुपर्नेः** (१) सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन नियमित रुपमा फिल्ड समन्वय इकाईले कार्यक्रम कार्यान्वयन इकाईमा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम प्रास हुन आएका प्रगति प्रतिवेदनका आधारमा कार्यक्रम कार्यान्वयन इकाईले एकमुष्ट विश्लेषणत्मक प्रतिवेदन तयार गरी मन्त्रालय तथा निर्देशक समितिको बैठकमा समेत पेश गर्नु पर्ने छ।

**१३. बाली पशुधन तथा मत्स्य बीमाः** (१) उत्पादनमुखी व्यवसायको लागि आवेदकले सम्झौता गर्नु पूर्व बाली, पशुधन तथा मत्स्य बीमा गरेको हुनुपर्नेछ । तर तोकिएको व्यवसायमा बीमाको प्रावधान



सचिव

नभएको हकमा बीमा अनिवार्य हुने छैन । बीमा नभएको अवस्थामा व्यवसायमा हुने सम्भावित क्षतिको जिम्मेवार आवेदक स्वयं हुनेछ ।

१४. **होर्डिङ्ग बोर्ड राख्नुपर्ने:** (१) छनौट भएको योजना कार्यान्वयनको सिलसिलामा सम्बन्धित आवेदकले कार्यक्रम कार्यान्वयन स्थलमा संचालन गरिएको क्रियाकलाप, कूल लागत, मन्त्रालयले उपलब्ध गराउने अनुदान रकम वा सामग्री र अनुदानग्राहीको सहभागिता रकम सहितको जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

१५. **सम्झौता बमोजिम हुने:** (१) यस प्रक्रिया अनुरुप संचालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यान्वयन इकाईको पूर्व स्वीकृति बेगर कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, पुनर्निर्माण वा बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) सम्झौतामा अनुदानग्राही र नेपाल सरकारका तर्फबाट सम्पन्न हुने क्रियाकलाप स्पष्ट पार्नु पर्नेछ र सोही आधारमा कार्यान्वयन गर्नु पर्नेछ ।सम्झौता भएपछि परिमार्जन गर्नुपर्ने भएमा कार्यालयको पूर्व स्वीकृति लिएर मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

१६. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण कार्यक्रम कार्यान्वयन इकाईले गर्नेछ ।

(२) कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धित प्रदेश मन्त्रालय, कृषि/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, ज्ञान केन्द्र/ विज्ञ केन्द्रको समन्वयमा गर्न सकिनेछ ।

(३) उपदफा १ र २ बमोजिम अनुगमन तथा निरीक्षणका क्रममा दिईएको सुझाव कार्यान्वयन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(४) अनुदानग्राहीले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयन इकाईवाट निर्माण गरिएको सूचना प्रणाली सफ्टवेयरमा आफ्नो कार्य प्रगति प्रविष्ट गर्नुपर्नेछ ।सोही आधारमा सम्बन्धित फिल्ड समन्वय



सचिव

इकाईबाट आवश्यकता अनुसार स्थलगत अनुगमन गर्नु पर्नेछ ।निर्माण गरिएको सूचना प्रणाली मार्फत निर्देशक समिति, कार्यक्रम कार्यान्वयन इकाईले समेत अनुगमन गर्न सक्नेछन् ।

(५) सम्झौता बमोजिम सम्पादन गरेको कार्य प्रगति प्रमाणिकरणका आधारमा भुक्तानी व्यवस्था मिलाउनुपर्नेछ । आयोजना कार्यान्वयन इकाई वा फिल्ड समन्वय इकाईमा कार्य प्रगति प्रमाणीकरणका लागि सम्भव नभएमा प्रदेश सरकार वा स्थानीय सरकारका सम्बन्धित प्राविधिक कर्मचारी परिचालन गर्न सकिनेछ ।

(६) यो संचालन प्रक्रिया अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा कार्यक्रम कार्यान्वयन इकाई समक्ष गुनासो गर्न सकिनेछ । कार्यान्वयन इकाईले गुनासो उपर कार्यवाही गरी निर्णय दिनेछ । उक्त गुनासोको निर्णयमा चित्त नबुझेमा निर्देशक समिति समक्ष पुनरावलोकन गर्न सकिनेछ । गुनासोको सम्बन्धमा निर्देशक समितिबाट भए गरेको कार्यवाही एवं निर्णय अन्तिम हुनेछ।

१७. **कारवाही हुने :** (१) यस संचालन प्रक्रिया अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भए पश्चात कम्तिमा तीन वर्षसम्म निरन्तरता दिनु पर्नेछ । अन्यथा अनुदान सम्बन्धी संचालन प्रक्रियामा उल्लेख भए अनुरुप अनुदानको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेछ । विपद वा कुनै प्रकारको काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने कारवाही हुनेछैन । विपदजन्य क्षतीको प्रमाणित विवरण (मुचुल्का/ स्थानीय तहको सिफारिस र प्रहरी प्रतिवेदन सहित) १५ दिनभित्र लिखित रुपमा अयोजना कर्यान्वयन ईकाईलाई दिनु पर्नेछ ।

१८. **स्पष्ट पार्न सक्ने:** (१) यो संचालन प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा मन्त्रालयले स्पष्ट पार्न सक्नेछ ।

(२) यस संचालन प्रक्रियामा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानुनसंग बाझिएको हदसम्म स्वत: अमान्य हुनेछन्।

१९. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** यी संचालन प्रक्रियामा संलग्न अनुसूचीहरु (आर्थिक पक्ष बाहेक) मा आवश्यकता अनुसार अयोजना कार्यान्वयन ईकाइले मन्त्रालयको स्वीकृतिमा हेरफर गर्न सक्नेछ ।

२०. **संशोधन गर्न सक्ने:** मन्त्रालयले आवश्यकता बमोजिम यस संचालन प्रक्रियामा संशोधन गर्न सक्नेछ ।

सचिव

अनुसूची १

<u>कार्यक्रम जिल्ला र फिल्ड समन्वय इकाई</u>

| सि.नं. | प्रदेश | कार्यक्रम संचालन हुने जिल्लाहरु | कैफियत |
|---|---|---|---|
| क) | प्रदेश १ | सुनसरी, झापा, भोजपुर, ताप्लेजुङ्ग | |
| ख) | प्रदेश २ | रौतहट, सर्लाही, बारा | |
| ग) | प्रदेश ३ | धादिंग, सिन्धुपाल्चोक, चितवन, काठमाण्डौ उपत्यका | |
| घ | गण्डकी प्रदेश | बाग्लुङ्ग, पर्वत, गोरखा, नवलपरासी सुस्तापुर्व | |
| ङ) | प्रदेश ५ | गुल्मी. अर्घाखाँची. रोल्पा. प्यूठान. कपिलवस्तु. रुकुम पूर्व | |
| च) | कर्णाली प्रदेश | सल्यान, रुकुम पश्चिम | |
| छ) | सुदुर पश्चिम प्रदेश | कन्चनपुर. कैलाली, | |

सचिव

## अनुसूची २

### (दफा ९ को उपदफा १ सँग सम्बन्धित)

### कार्यक्रममा छनौट भएका बाली वस्तु र सम्बन्धित ब्यवसायको न्यूनतम आकार

| क्र.स. | कृषि तर्फ | पशुपन्छी तर्फ |
|---|---|---|
| १ | ताजा तरकारी (खुला): तराईमा ३ बिघा, पहाडमा २० रोपनी, उच्च पहाड/हिमाल ५ रोपनी<br><br>(संरक्षित खेती ) : तराईमा ५ कठ्ठा, पहाडमा २ रोपनी, उच्च पाहाड/हिमालमा ०.५ रोपनी | दूध (गाई, भैंसी १० वटा वा ५० ली. दुध प्रति दिन) |
| २ | फलफुल (न्यूनतम ६० रोपनी) | मासु (कुखुरा बाहेक): (राँगा २०, माउ बंगुर २०, माउ बाख्रा २५) |
| ३ | फलफुल नर्सरी स्थापना | माछा (कार्प प्रजातिः १.५ बिघा, रेन्बो ट्राउट कम्तिमा १० वटा रेसवे ) |
| ४ | - | बाख्राको श्रोत केन्द्र<br>(आयोजनाको प्रकृति अनुसार) |

सचिव

अनूसुची ३. मूल्याङ्कनका आधार

| क्र.स | आधार | अंक | सूचक र अंकभार | कैफियत |
|---|---|---|---|---|
| क | आवेदकसंग सम्बन्धित | ३५ | | |
| १ | व्यवसाय स्थल | १० | | |
| १.१ | उहि जिल्लाको व्यक्तिले उहि जिल्लाका पालिका भित्र व्यवसाय संचालन गर्ने भएमा | १० | गाउपालिका -१० नगरपालिका- ८ उप वा महानगरपालिका -६, | नागरिकता वा बसाईसराई प्रमाणपत्र वा सम्बन्धित स्थानिय निकायको सिफारिस |
| १.२ | एक जिल्लाको व्यक्तिले अन्य जिल्लाको पालिकामा व्यवसाय संचालन गर्ने भएमा | ८ | गाउपालिका-८, नगरपालिका-६, उप वा महानगरपालिका-४ | सम्बन्धित स्थानिय निकायको सिफारिस |
| २ | शैक्षिक स्तर (औपचारिक) | ३ | माध्यमिक शिक्षा माथि-२, माध्यमिक शिक्षा वा कम भए-१ | आवश्यक प्रमाण पत्र पेश गर्नु पर्ने ।कृषि/पशुविज्ञान र मत्स्य विज्ञानको हकमा आवेदकको प्रत्येक तहमा अतिरिक्त १ नम्वर प्राप्त गर्नु पर्ने |
| ३ | वैदेशिक रोजगारबाट फिर्ता भएका वा भिसा स्वीकृत भइ जान लागेका वा भिसा रद्द गरी वसेका (विगत २ बर्ष भित्र) | ३ | उपर्युक्त अनुसार भए-३ , नभए-० | वैदेशिक रोजगार, भिसा वा बसाई खुल्ने प्रमाणपत्र |
| ४ | विदेशमा तालिम लिएको भए वा कार्य अनुभव (प्रस्तावित व्यवसायसंग सम्बन्धित) | ३ | तालिम लिएको वा कार्यअनुभव भएको भए-३ नभए-१ | प्रमाणपत्र/आवश्क कागजात |

सचिव

| | | | | |
|---|---|---|---|---|
| ५ | स्वदेशमा व्यवसायिक तालिम (प्रस्तावित व्यवसायसंग सम्बन्धित) | ३ | एक महिना वा बढि भए-०३, एक हप्ता भन्दा बढी तर महिना दिन भन्दा कम-०२, एक हप्ता भन्दा कम भए-१ | नेपाल सरकार वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट तालिम प्राप्त |
| ६ | फर्म वा व्यवसाय दर्ता | २ | दर्ता भए-२ , नभए-१ | फर्म दर्ता प्रमाण |
| ७ | आवेदकको लैङ्गिक अवस्था | ३ | पुरुष -१, महिला/अन्य भए ‘३ | नागरिकता प्रमाण पत्र |
| ८ | आवेदकको सामिजक समूह | ३ | दलित भए-३ , अन्य भए-० | सम्बन्धित संस्थाबाट जारी प्रमाण पत्र |
| ९ | शहिद तथा द्वन्दपिडित | ३ | शहिद तथा वेपत्ता परिवार सदस्य भए-३, द्वन्द पिडित भए-२ अन्य-० | प्रमाण पत्र |
| १० | पुरस्कृत कृषक उद्यमी | २ | कृषि पशुपन्छी क्षेत्रमा पुरस्कृत भए-२, नभए-० | प्रमाण पत्र |
| ख | व्यवसायसंग सम्बन्धित | २५ | | |
| ११ | प्रस्तावित विषय र सान्दर्भिक्ता | ५ | अति उत्तम-५, उत्तम-४, मध्यम-३, न्यून-१ | खास समस्या/ प्रस्तावको उद्देश्य, सान्दर्भिक्ता र औचित्य लगायत |
| १२ | प्राविधिक पक्ष | ८ | अति उत्तम-८, उत्तम-६, मध्यम-४, न्यून-२ | सवल प्रविधि, उपलव्धता, स्थानीय हावापानी एवं भूगोल लगायत |
| १३ | आर्थिक तथा बजार पक्ष | ८ | अति उत्तम-८, उत्तम-६, मध्यम-४, न्यून-२ | |
| | क) आर्थिक पक्ष | ४ | अति उत्तम-४, उत्तम-३, मध्यम-२, न्यून-१ | व्यवसायको नाफा आम्दानी, नगद प्रवाह, वित्तिय सवलता तथा लगानीको अवस्था लगायत |

| | | | | |
|---|---|---|---|---|
| | ख) बजार पक्ष | ४ | अति उत्तम-४, उत्तम-३, मध्यम-२, न्यून-१ | बजार माग, बजार पहूँच, ढुवानीको अवस्था लगायत |
| १४ | प्रस्तावको नौलोपना र दिगोपना | ४ | अति उत्तम-४, उत्तम-३, मध्यम-२, न्यून-१ | नौलो प्रविध, मूल्य अभिवृध्दि, क्षेत्रफल विस्तार, रोजगारी सृजना, स्थानीय मौलिकता स्थानीय स्रोत साधन तथा वातावरणीय पक्ष लगायत |
| ग | स्थलगत जाँच | २५ | | |
| १५ | प्रस्तावित योजनाको फिल्डगत तालमेल | | | |
| | क. प्रस्तावित विषय र सान्दर्भिक्ता | ५ | | खास समस्या/ प्रस्तावको उद्देश्य, सान्दर्भिक्ता र औचित्य लगायत |
| | ख. प्राविधिक पक्ष | ८ | | प्रविधिको सवलता एवं उपलव्धता, स्थानीय हावापानी एवं भूगोल लगायत |
| | ग. आर्थिक तथा बजार पक्ष | ८ | | व्यवसायको नाफा आम्दानी, नगद प्रवाह, वित्तिय सवलता तथा लगानीको अवस्था/ बजार माग, बजार पहूँच, ढुवानीको अवस्था लगायत |
| | घ. प्रस्तावको नौलोपना र दिगोपना | ४ | | नौलो प्रविध, मूल्य अभिवृध्दि, क्षेत्रफल विस्तार, रोजगारी सृजना, स्थानीय मौलिकता स्थानीय स्रोत साधन तथा वातावरणीय पक्ष लगायत |
| १६ | प्रस्ताव साथ पेश गरिएको अवलोकन एवं मापन योग्य विवरण, सूचना वा मापदण्ड | | सहि वा झुठो | कुनै विवरण झुठो देखिएको खण्डमा प्रतिवेदन गर्ने |

सचिव

| | | | | |
|---|---|---|---|---|
| १७ | समग्र प्रस्ताव वारेको राय र सिफारीश सहितको प्रस्ताव योजनाको बर्गीकरण | | अति उत्तम-२० माथि, उत्तम-१६ देखि २० सम्म, मध्यम-१० देखि १५ सम्म, न्यून-१० भन्दा तल वा असान्दर्भिकपः योजना रद्द गर्न सिफारीश गर्ने | स्थलगत जाँचको क्रममा कुनै प्राविधिक वा अप्राविधिक पक्षले समग्र व्यवसाय प्रस्तावनै असम्भव वा असान्दर्भिक देखिने अवस्थामा रद्द गर्न सिफारीश गर्ने । |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची ४

## कृषिमा युवा कार्यक्रम संचालनका लागि गरिने व्दिपक्षीय सम्झौता- पत्र

आज मिति मा नेपाल सरकार (यस पछी प्रथम पक्ष भनिने) र मेरो/हाम्रो संस्था (यस पछी दोश्रो पक्ष भनिने) बिच प्रथम पक्षको सहयोगबाट मेरो / हाम्रो संस्थाले संचालन गर्ने कृषिमा युवा कार्यक्रम सम्बन्धमा बिशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री (यस पछी दोश्रो पक्ष भनिने) र कार्यक्रम कार्यान्वयन गर्ने नेपाल सरकार (यस पछी प्रथम पक्ष भनिने) बिच देहायका कार्यहरु गर्न हामी दुबै पक्षहरु बिच सहमती भइ तपसिलको शर्तनामा तथा रोहबरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरेका छौ ।

- कार्यक्रम संचालन गर्ने सम्बन्धमा दुबै पक्षबाट हस्ताक्षर सम्पन्न भएको मितिले ७ दिन भित्र दोश्रो पक्षले कार्यक्रम शुरु गरी यसको लिखित जानकारी प्रथम पक्षलाइ गराउनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाइ कार्यक्रम संचालनका लागि कार्य योजना अनुसार कार्य सम्पन्न प्रतिबेदनका आधारमा २ किस्तामा रकम उपलब्ध गराइनेछ । अनुदान भुक्तानी सम्बन्धी सम्पूर्ण प्रक्रिया नेपाल सरकारले स्विकृत गरेको कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यबिधी २०७६ अनुसार हुनेछ ।
- सम्झौता भएको मितिबाट दोश्रो पक्षले सम्बन्धित आर्थिक बर्षभित्र कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।
- पहिलो पक्षले दोश्रो पक्षबाट संचालन भएको ब्यबसायको नियमित अनुगमन गर्नेछ ।

सचिव

- कार्यक्रम संचालन अबधीमा कार्ययोजना बमोजिमको कार्यक्रम सम्पन्न हुन नसकी कुनै काम बाकी रहे प्रथम पक्षबाट रकम भुक्तानी हुने छैन र भुक्तानी हुन नसके दोश्रो पक्षको दाबी रहने छैन र यसमा कतै उजुर बाजुर गर्ने छैन ।
- पहिलो पक्षबाट प्राप्त रकम कार्य योजनामा तोकिएको काम बाहेक अन्य काममा खर्च गर्न पाइने छैन मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यस्तो भएको पाइएमा नीजलाई सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आबश्यक कार्यबाही गरिने छ ।
- यस संचालन प्रक्रिया अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भए पश्चात कम्तिमा तीन वर्षसम्म निरन्तरता दिनु पर्नेछ । अन्यथा अनुदानको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेछ ।
- यस सम्झौता बमोजिम उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि भबितब्य/प्राकृतिक बिपत्तीको पूर्ण जिम्मेबारी दोश्रो पक्ष स्वयं हुनेछ ।
- यस सम्झौतामा उल्लेख भए भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
| --- | --- |
| नाम : | नाम : |
| संस्थाको नाम : | कार्यालय : |
| पद : | पद : |
| मोवाइल नं. : | मोवाइल नं. : |
| हस्ताक्षर | हस्ताक्षर |
| साक्षी : | साक्षी : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना: |

सचिव